महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 425817
426603
425570
A.G. Fax : 977-1-426830
Fax : 977-1-426279
Post Box : 1332
बबरमहल, काठमाडौं, नेपा
Babar Mahal, Kathmandu, Nepa

# प्रेस विज्ञप्ती

(आमसञ्चार माध्यममा तत्काल उपयोगको लागि)

२०७६ जेष्ठ ३१ गते, शुक्रबार

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल र नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरू बीच आर्थिक वर्ष २०७५/७६ को महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७६ को तर्जुमा सम्वन्धी छलफल कार्यक्रम बबरमहलमा सम्पन्न भयो । उक्त कार्यक्रममा महालेखा नियन्त्रक, विभिन्न मन्त्रालयका प्रतिनिधिहरू र महालेखापरीक्षकको कार्यालयका पदाधिकारी समेतको उपस्थिति रहेको थियो ।

छलफलमा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षणको योजनाको तर्जुमा देखि प्रतिवेदन सम्मका सबै चरणहरूमा सरोकारवालाको सहभागिता अभिवृद्धि गरी जिम्मेवार बनाउनु यस कार्यक्रमको उद्देश्य रहेको बताउनु भयो । यसले लेखापरीक्षण प्रतिवेदनको गुणस्तरीयता, प्रभावकारीता तथा विश्वसनीयतामा अभिवृद्धि भई समग्र सेवाप्रवाह र वित्तीय व्यवस्थापनमा सुशासन कायम गर्न थप मद्दत पुग्ने समेत बताउनु भयो । त्यसैगरी लेखापरीक्षण योजना तर्जुमा तथा कार्यान्वयनमा सबैको सहयोगको अपेक्षा समेत गर्नुभयो ।

छलफलको क्रममा सम्बन्धीत मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरूले लेखापरीक्षणमा गर्दा समावेश गर्नुपर्ने थप विषय, मन्त्रालय र अन्तर्गतका निकायको सेवाप्रवाह तथा बजेट खर्चका सम्भावित जोखिम र विगतको लेखापरीक्षण प्रतिवेदनमा समावेश व्यहोराहरूको सम्बन्धमा भनाई राख्नुभयो । त्यसैगरी संघ, प्रदेश र स्थानीय सरकारको कार्य क्षेत्रमा रहेका कानूनी जटिलता तथा नीतिगत अस्पष्टतालाई समेत लेखापरीक्षण योजना तर्जुमाका क्रममा ध्यान दिनुहुन अनुरोध गर्नुभयो र लेखापरीक्षणबाट प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउनु भयो । सो अवसरमा महालेखा नियन्त्रक श्री सूर्यप्रसाद गौतमज्यूले आन्तरिक लेखापरीक्षणमा संलग्न जनशक्तीको क्षमता विकास गरी यसलाई थप प्रभावकारी बनाउन लागिएको जानकारी गराउनु भएको थियो ।

(नेत्रप्रसाद पौडेल)
सहायक-प्रवक्ता